मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १३ गते मंगलबार ❑ 27 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरा महानगरपालिका पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

पोखरा महानगरपालिकालाई पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा गरिएको छ।

नगर प्रमुख धनराज आचार्यले एक समारोहका बिच सो घोषणा गर्नुभएको हो। नेपाल सरकारको प्राथमिकता प्राप्त खोप कार्यक्रमको प्रभावकारिता र दिगोपनाका लागि प्रत्येक वर्ष नगरभित्रका सबै बालबालिकाहरूले तोकिएका खोपहरू प्राप्त गरेको सुनिश्चितता सहित यस्तो घोषणा गर्ने गरिन्छ।



नगर प्रमुख आचार्यले बालबालिकाहरूका सुरक्षित भविष्य निर्माणका लागि उनीहरूले प्राप्त गर्नुपर्ने सबै प्रकारका खोपहरू सहित स्वास्थ्य सम्बन्धी सेवाहरू समयमा नै उपलब्ध गराउनु पर्ने दायित्व प्रति आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो।बालबालिकाहरूका लागि आवश्यक खोप तथा पोषणका कार्यक्रमहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्न उहाँले स्वास्थ्यकर्मीहरूलाई निर्देशन समेत दिनुभयो। स्वास्थ्य सम्बन्धी अभियानहरूमा महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुको भूमिका उल्लेखनीय हुने गरेको बताउँदै उहाँले पूर्ण खोपको सुनिश्चिततामा समेत उनीहरूको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो।

घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै महानगरपालिकाकी कार्यवाहक प्रमुख मन्जुदेवी गुरुङले बालबालिकाहरूका लागि खोप एक प्रभावकारी र अत्यावश्यक कार्यक्रमका रूपमा सञ्चालन गरिएको बताउनुभयो । महानगरपालिकाक्षेत्रमारहेकासबै बालबालिकाहरूलाई समयमा नै खोप उपलब्ध गराउने दायित्वप्रति आफूहरू प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । बालबालिकाको स्वास्थ्य सुरक्षा विना स्वस्थ नागरिकको सामाजिक आवश्यकता पूर्ति गर्न नसकिने उहाँले बताउनुभयो।

स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेलले आफूहरूको महानगरपालिकालाई पूर्ण खोप सुनिश्चितता सहित दिगोपना घोषणाका लागि निरन्तर अभियानहरू सञ्चालन गरेको बताउनुभयो। विगत एक वर्षको अवधिमा ०-१५ महिनासम्मका ५ हजार ३४१ र १६-२३ महिनासम्मका ४ हजार १५० बालबालिकाहरूको घरघरमा पुगेर खोपको अवस्था यकिन गरिएको स्वास्थ्य महाशाखा प्रमुख पौडेलले बताउनुभयो । अभियानका क्रममा जन्मदेखि कुनै पनि खोप प्राप्त नगरेको एक जना बच्चा फेला परेको र उक्त बच्चालाई समेत खोपको पहुँचमा ल्याइएको महाशाखाले जनाएको छ। यस क्रममा ४१ जना बालबालिकाहरूले पूर्ण खोप प्राप्त नगरेको पाइएपछि उनीहरूलाई समेत पूर्ण खोप लगाइएको छ । पोखरा महानगरपालिका वडा नं.१२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले बालबालिकाहरूको स्वास्थ्य प्रवर्द्धन र आधारभूत खोपको सुविधा उपलब्ध गराउन सबै वडा कार्यालयहरू प्रतिबद्ध रहेको बताउनुभयो। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सञ्जाल कास्कीकी अध्यक्ष भीमा पौडेलले बालबालिकाहरूलाई आवश्यक खोप तथा पोषणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने हरेक अभियानहरूमा महिला स्वयमसेविकाहरुको भूमिका उल्लेखनीय हुने गरेको बताउनुभयो। नगर क्षेत्रका खोप लगाउनु पर्ने बालबालिकाहरूलाई खोप लगाएको सुनिश्चित भएपछि महानगरपालिकालाई पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा गरिएको जनस्वास्थ्य अधिकृत तेजाखर लम्सालले बताउनुभयो। कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिले बालबालिकाको स्वास्थ्य प्रवर्द्धनको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको बताएका छन्।

पूर्ण खोप भन्नाले राष्ट्रिय खोप तालिकामा समावेश भएका १५ महिना उमेर भित्रमा पाउनु पर्ने सबै खोपहरू, सबै बालबालिकाहरूले पूर्ण रूपमा लिएको एवं पछि तालिकामा अन्य खोपहरू थप भएमा सो समेत लिएको अवस्थालाई बुझिन्छ भने पूर्ण खोप सुनिश्चितताको लागि १६ महिना देखि ५९ महिना सम्म उमेरको बालबालिकाहरूमा खोप अवस्थाको पहिचान र विश्लेषण गरिन्छ।

## अन्नपूर्ण हिमाल आरोहणको ७५ वर्ष: 'अन्नपूर्ण हिरक महोत्सव' मनाइने

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

अन्नपूर्ण प्रथम हिमाल (८,०९१ मी) आरोहणको ७५ वर्ष पुरा भएको छ । ७५ वर्ष पुरा भएको सन्दर्भमा यस वर्ष हिरक महोत्सव मनाइने भएको छ।

सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हार्जोगको नेतृन्वले अन्नपूर्ण प्रथम हिमालयको सफल आरोह गरेको थियो। हर्जोगसगै लुइस लचेनल र दुई नेपाली शेर्पा उक्त आरोहणमा सहभागि भएका थिए।

८ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी, अन्नपूर्ण गाउँपालिका म्याग्दीको व्यवस्थापनमा हिरक महोत्सव मनाउन लागिएको सोमबार पोखरामा पत्रकार सम्मेलन गरेर जानकारी दिइयो।



आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा पर्ने भएकाले सोही स्थानमा हिरक महोत्सव मनाइने नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेले जानकारी दिए । महोत्सवमा फ्रान्सलगायतका युरोप-अमेरीका लगायत देशका १२ राजदुतलाई समेत निमन्त्रणा गरिएको लामिछानेले बताए।

अन्नपूर्ण गाउँपालिका वडानम्बर ४ नारच्याङस्थित अन्नपूर्ण आधार शिविरमा यही जेठ १७ देखि १९ गते सम्म पदयात्रा गरिने भएको छ । पदयात्रामा फ्रान्स र नेपालका विशिष्ट व्यक्तीहरुको सहभागिता हुने टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिए । मौरिस हार्जोगका छोरा माथियास इमानुएल म्याक्सिमिलियन हार्जोग र उनका परिवारसहितको १४ सदस्यीय टोली नेपाल आइपुगेको छ । नेपाल पर्यटन बोर्डको नेतृत्वमा पर्यटन व्यवसायी र सञ्चारकर्मीको टोली पदयात्रामा सहभागि हुनेछ, आचार्यले भने।

आधार शिविरबाट ३० किलोमिटर दूरीको म्याराथन दौड समेत आयोजना गरिएको अन्नपूर्ण गाउँपालिका म्याग्दीका अध्यक्ष भरतकुमार पुनले पत्रकार सम्मेलनमा जानकारी दिए । आधार शिविरमा प्रथम आरोही मौरिस हर्जोग, लुइस लचेनल र नेपाली आरोही सोनाम वाङ्चुक शेर्पाको सालिक अनावरण गरिने छ।

यस्तै आधार शिविरमा निर्माण भएको खुला सङ्ग्रहालय र नारच्याङबाट आधार शिविर जोड्ने पदमार्गलाई मौरिस हर्जोग पदमार्ग नामाकराण गरिएको छ। उक्त पदमार्गको साथै सालिकको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्धाटन गर्ने कार्यक्रम रहेको अध्यक्ष पुनले जानकारी दिए।

नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ, ट्रेकिङ एसोसिएसन अफ नेपाल (टान), अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) र अन्नपूर्ण गाउँपालिकाले महोत्सवको संयुक्त आयोजना गरेका हुन् । आधार शिविरा विविध कार्यक्रम समेतको आयोनजा गरिने छ। आठ हजार मिटरभन्दा अग्ला हिमालमध्ये अन्नपूर्णमा पहिलो मानव पाइला परेको कारण अन्नपूर्णलाई जेठो हिमाल पनि भनिन्छ। आरोहण दिवस पहिलो पटक आधार शिविरमा मनाउन लागिएको हो।

## विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनामा स्रोतसाधन वृद्धि गरिने

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनामा स्रोतसाधन वृद्धि गरिने बताउनुभएको छ।

सोमबार नेपाली सेनाको पश्चिम पृतना हेडक्वाटरले पोखरामा आयोजना गरेको उच्च पर्वतीय क्षेत्रमा हुने विपद् व्यवस्थापनसम्बन्धी 'अभ्यास हातेमालो' कार्यक्रम समापन समारोहमा उहाँले विपद्पछिको खोज तथा उद्धारमा आवश्यक मानवसंशाधन र सामग्री व्यवस्थापनमा प्रदेश सरकारले सहयोग गर्दै आएको उल्लेख गर्नुभयो । "प्रदेश सरकारले रु १० करोडको विपद् व्यवस्थापन कोष बनाएको छ, आगामी दिनमा स्रोतसाधन थप्दै जान्छौँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "उच्च पर्वतीय विपद् व्यवस्थापनसम्बन्धी छुट्टै योजना बनाउँछौं।" विपद् व्यवस्थापनमा प्रदेश सरकार जिम्मेवारपूर्वक लाग्ने उहाँले बताउनुभयो। विपद् पूर्वतयारी र प्रतिकार्य अभ्यासमा प्रदेश सरकारले तीनवटै सुरक्षा निकायलाई सहयोग गर्दै आएको उहाँको भनाइ छ । विपद् प्रतिकार्यमा समन्वय, सहयोग र सहकार्यका लागि सेनाले 'अभ्यास हातेमालो' कार्यक्रम सञ्चालन गरेको सेनाको पश्चिम पृतनाका पृतनापति उपरथी मधुकरसिंह कार्कीले बताउनुभयो। आइतबार र सोमबार सञ्चालित उक्त एकीकृत अभ्यास कार्यक्रममा गण्डकी प्रदेशमा उच्च पर्वतीय विपद् प्रतिकार्य तथा व्यवस्थापन आयोजनाका विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव लक्ष्मीभद्र वाग्लेले प्रस्तुतीकरण राख्नुभएको थियो। विपद् जोखिममा जलवायु परिवर्तनको असरका विषयमा डा दीपक विक्रम थापा क्षेत्री, उच्च पर्वतीय क्षेत्रमा खोज तथा उद्धारका लागि नेपाली सेनाको क्षमता, तयारी र आवश्यकताका विषयमा नेपाली सेनाको विपद् व्यवस्थापन निर्देशनालयका सेनानी शक्तिराज श्रेष्ठले सहजीकरण गर्नुभएको थियो । मुस्ताङ र मनाङको सिमानामा पर्ने थोराङ भञ्ज्याङमा विसं २०७१ असोजमा आएको हुडहुड चक्रवातको कारण सिर्जित विपद्को अवस्था, खोज तथा उद्धारको सिकाइका विषयमा सहायक रथी अर्जुन बस्नेत, गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक गणेश सुवेदीले जानकारी गराउनुभयो । विसं २०७९ मा मुस्ताङको थासाङमा भएको तारा एयरको विमान दुर्घटनामा गरिएको खोज तथा उद्धारका विषयमा सशत्र प्रहरी बल नं ४ मुक्तिनाथ बाहिनीका सशत्र प्रहरी नायब उपरीक्षक लक्ष्मण बरालले जानकारी गराउनुभयो । उच्च हिमाली तथा पहाडी भेगमा खोज तथा उद्धार कार्यक्रम सञ्चालनको अवस्था र चुनौतीका विषयमा हिमालयन उद्धार सङ्घ नेपालका डा सन्तोष बानियाँ र गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयका डा रमेशकुमार केसीले सहजीकरण गर्नुभयो । कार्यक्रममा नेपाली सेना, सशत्र प्रहरी बल, नेपाल प्रहरीका वरिष्ठ अधिकारी, प्रदेश सरकारका विभिन्न मन्त्रालय र निकायका पदाधिकारी, जनप्रतिनिधि, कर्मचारी, नेपाल रेडक्रस सोसाइटीलगायत गैरसरकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मीलगायतको सहभागिता थियो।

## पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीको प्रधान कार्यालयबाटै इ.भी 'फास्ट चार्जिङ' सेवा सुरु

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि.को प्रधान कार्यालय रहेको परिसरबाटै फास्ट चार्जिङ स्टेसन सेवा सुरु भएको छ।



केवाइ सी चौधरी ग्रुपको सिजी कम्पनीद्धारा ४ महिना अघि प्राप्त भएको उक्त मेसिन विभिन्न चुनौतीको बाबजुद उक्त चार्जिङ स्टेशन जडान गरिएसंगै सोमबार सुरु भएको पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि.का अध्यक्ष योगेन्द्र


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा र कपिलवस्तुका पर्यटन व्यवसायी बीच अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ

कपिलवस्तुको शिवराज नगरपालिकाले पोखरा भ्रमण वर्ष २०२५ लाई सफल पार्न सहकार्य गर्ने भएको छ।

होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ कपिलवस्तुले पृथ्वी होटल व्यवसायी समिति कास्कीको भ्रमण टोलीलाई स्वागत गर्न सोमबार राखेको अन्तरक्रिया कार्यक्रममा बोल्दै शिवराज नगरपालिकाका उपप्रमुख शिवकुमारी चौधरीले पोखरामा पर्यटक पठाउन सहकार्य गर्ने बताइन्। देशकै पर्यटकीय राजधानी सहर पोखरा प्राकृतिक सुन्दरताले भरिपूर्ण रहेको चर्चा गरेकी उनले आफूहरुले आन्तरिक भ्रमणमा जोड दिएको र त्यसका लागि सबैभन्दा उपयुक्त स्थल पोखरा रहेको बताउने गरेको उल्लेख गरिन्। त्यसैगरी पोखरा आउने अन्य ठाउँका पर्यटकलाई पनि कपिलवस्तु भ्रमणका लागि प्रेरित गर्न उनले आग्रह गरेकी छन्। उनले भारतीय पर्यटकले ट्राफिक चेकजाँचमा अनेक झन्झट भोग्नु परेको गुनासो गर्नेगरेको जानकारी दिइन्। विदेशभन्दा स्वदेश घुम्नलाई प्राथमिकता दिनुपर्छ। उनले पोखरा भ्रमण वर्षलाई सफल पार्न आफ्नो स्थानीय तहले पोखरा भ्रमणका लागि अभिप्ररित गर्ने जानकारी दिइन्। उनले पोखरा भ्रमण वर्षको भव्य सफलताको शुभकामना दिइन्। होटल व्यवसायी महासंघका केन्द्रीय सदस्य सुनिता पन्तले शिवराज नगरपालिकाका जनप्रतिनिधि, व्यवसायी र स्थानीयलाई पोखरा भ्रमण गर्न निम्तो दिइन्। गर्मी छल्न र प्राकृतिक सौन्दर्यको अबलोकन गर्दै पोखरा जान आग्रह गरिन्। आफूहरु न्यानो आतिथ्यताका लागि तयार रहेको उनको भनाई थियो। पृथ्वी होटल व्यवसायी समितिका सल्लाहकार विक्रम थकालीले पोखरा विश्वकै सुन्दर सहर भनिने गरेको र पृथ्वी चोकमा रहेका व्यवसायीहरुको संस्थाले पर्यटन प्रर्वद्धन गर्न आएको बताए। बाहीय भन्दापनि आन्तरिक पर्यटकले नै पर्यटन क्षेत्रमा बढ्ता चहलपहल हुने गरेको बताए। पृथ्वी होटल व्यवसायी समितिका निवर्तमान अध्यक्ष बालकृष्ण न्युरेले नेपालको पर्यटन सुस्त अवस्थामा रहेका बेला पोखरा महानगरपालिकाले अत्याधिक पर्यटक भित्र्याउन पोखरा भ्रमण वर्ष २९२५ घोषणा गरेको र यसले व्यवसायी उत्साहित भएको बताए। उनले महानगरको पोखरा भ्रमण वर्ष घोषणालाई सार्थक बनाउन कार्यक्रम लिएर आएको बताए। पश्चिम नेपालको भावना र अनुभवलाई समेत समेट्ने उद्देश्य राखेको जानकारी दिए।



शिवराज नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष नेत्रप्रसाद बेलबासेले प्रकृतिले सुन्दर सहर पोखरा आफू धेरैपटक पुगेको र पुग्दा उतै बस्न मन लाग्ने गरेको अनुभव सुनाए। उनले

पृथ्वी होटल व्यवसायी समितिका अध्यक्ष अम्बिका घिमिरे (अमृत) ले देशकै पर्यटकीय राजधानी पोखरामा धेरैभन्दा धेरै पर्यटक भित्र्याउका लागि आन्तरिक पर्यटकलाई प्रर्वद्धन कार्यक्रम लिएर आफूहरु कपिलबस्तु आइपुगेको जानकारी दिए। उनले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा आफूहरुले प्रर्वद्धनात्मक कार्यक्रमसहित आएको बताए। खाना तथा आवासमा २० प्रतिशत छुट गरिएको। साहसिक पर्यटकका लागि प्याकेजमा १० प्रतिशत छुट लगायतका छुट दिइएको जानकारी दिए। गर्मी छल्न र प्राकृतिक सौन्दर्यमा रमाउन उनले पोखरा भ्रमणका लागि निम्तो गरे। पोखरा महानगरको धेरैभन्दा धेरै पर्यटक भित्र्याउने नीति अन्तर्गत घोषित पोखरा भ्रमण वर्ष २०२५लाई सफल पार्न र पोखराको बारेमा जानकारी गराउन आफूहरुले प्रर्वद्धनात्मक कार्यक्रम लिएर आएको छ।

अन्तरक्रिया कार्यक्रममा शान्ति स्थापना गृह कपिलबस्तुका अध्यक्ष भूमिराज भट्टराई, भ्रमण संयोजक विदुर ढुंगाना, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान कपिलवस्तुका अध्यक्ष विष्णुप्रसाद खतिवडा, होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ कपिलवस्तुका महासचिव पदम ढकाल र कोषाध्यक्ष लक्ष्मण न्यौपाने लगायतले उक्त अवसरमा पर्यटनका विभिन्न पक्षका बारेमा बोलेका थिए।

पृथ्वी होटल व्यवसायी समिति का भ्रमण संयोजक विदुर ढुंगानाले 'पोखरा जाऔँ प्रकृतिसँग रमाऔं, पोखरा भ्रमण वर्ष २०२५ सफल पारौं' भन्ने मूल नारालाई आत्मसात गर्दै अयोजित कार्यक्रमलाई पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको संयुक्त प्रवर्द्धनात्मक सहयोग गरेका हुन्।

# चापाकोटमा बङ्गुर ओसारपसारमा प्रतिबन्ध

**पोखरापत्र संवाददाता**
वालिङ, १२ जेठ

चापाकोट नगरपालिकाले बङ्गुर ओसारपसारमा प्रतिबन्ध लगाएको छ।

चापाकोट नगरपालिका-९ स्थित एक व्यावसायिक फर्ममा 'अफ्रिकन स्वाइन फिवर' नामक रोग पुष्टि भएसँगै यसको रोकथाम तथा नियन्त्रणका लागि नगरपालिकाले चापाकोट नगरपालिकाबाट अन्यत्र ओसार पसार गर्न रोक लगाएको हो।

घरपालुवा सुङ्गुर, बङ्गुर र जङ्गली बँदेल प्रजातिमा विषाणुका कारण लाग्ने उच्च मृत्युदर भएको खतरनाक महामारीजन्य अफ्रिकन स्वाइन फिवर रोग प्रयोगशालामा परीक्षणबाट पुष्टि भएको चापाकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद घिमिरेले बताउनुभयो। "यहाँको एक व्यावसायिक फर्ममा शङ्कास्पद लक्षणका आधारमा प्रयोगशालामा परीक्षणका लागि



पठाएका थियौँ," उहाँले भन्नुभयो, "परीक्षणका क्रममा अफ्रिकन स्वाइन फिवर पुष्टि भएकाले चापाकोट नगरपालिकाबाट तत्काललाई सुँगुर, बङ्गुर तथा बङ्गुरजन्य पदार्थहरु ओसार पसारमा रोक लगाएका हौँ।" अफ्रिकन स्वाइन फिवर रोगले छोटो समयमा महामारीको रुप लिन सक्ने भएकाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ को दफा १५ बमोजिम अर्को सूचना नभएसम्मका लागि ओसार पसारमा प्रतिबन्ध लगाएको उहाँले बताउनुभयो। स्याङ्जाको चापाकोट नगरपालिका-९ का कृषक दीपेन्द्र गहतराजले सञ्चालन गर्नुभएको गहतराज बहुउद्देश्यीय कृषि तथा पशुपालन फर्ममा पालिएका बङ्गुरहरु एकाएक मर्न थालेपछि चापाकोट नगर पशु शाखाले शङ्कास्पद बङ्गुरको नमूना परीक्षणका लागि केन्द्रीय पशुपक्षी रोग अन्वेषण प्रयोगशालामा पठाएको थियो।

प्रयोगशालाबाट बङ्गुरमा अफ्रिकन स्वाइन फिवर भएको पुष्टि भएपछि थप सङ्क्रमण फैलिन नदिन ओसारपसारमा विशेष ध्यान दिइएको पशु सेवा शाखा चापाकोटका प्राविधिक सहायक समीक्षा रोकायाले बताउनुभयो। गहतराजले सञ्चालन गर्नुभएको फर्ममा साना-ठूला गरी १७ वटा बङ्गुर अफ्रिकन स्वाइन फिवरकै कारण मृत्यु भएको छ। यो सङ्क्रमण बङ्गुरमा मात्रै देखिने र यो रोग लागेपछि कुनै पनि उपचार नहुने उहाँले बताउनुभयो। सुङ्गुर प्रजातिमा उच्च ज्वरो १०४ देखि १०७ डिग्री, कान पुच्छर, पेटको तल्लो बाहिरी छाला रातो हुने, शरीरमा नीलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छटपटाउनेजस्ता लक्षणहरु देखिन्छन्।

# अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ

पोखरा महानगरपालिका वडा नं २५ हेमजामा जेष्ठ १० गते देखि जारी ३५ वर्ष माथिको उमेर समूहको "अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता-२०८२" को तेस्रो दिन दुई खेल सम्पन्न भएको छ।

सोमवार पहिलो खेल वडा न १३ र १४ बिच भएको थियो ।जस्मा १३ ले २-० गोलको अन्तरले १४ लाई पछि पार्दै आगामि यात्रा तय गऱ्यो। आयोजक वडा न. २५ निलो र वडा न. २० विच भएको पहिलो क्वाटरफाईनलको खेलमा ४-० गोल अन्तरले पछि पादै वडा न.२५ निलोले सेमिफाइनल प्रवेश गरेको छ। उक्त खेलमा वडा न.२५ जसी न. ६ का खेलाडी राजु श्रेष्ठ म्यान अफ दि म्याच घोषित भए।

मंगलबारको पहिलो खेल वडा न.५ र २५ रातो बिच विहान ८:०० बजे हुनेछ। दोस्रो



वडा न.१ र ६ बिच विहान १०:०० बजे हुने खेल संयोजक इन्द्र बहादुर कुंवारले जानकारी दिनु भयो। १३ समूहको सहभागिता रहेको प्रतियोगितामा प्रथम पुरस्कार रु १ लाख ११ हजार १११ र द्धितिय पुरस्कार रु ५५ हजार ५५५ साथमा ट्रफी, मेडल र प्रमाणपत्र रहेको छ। उत्कृष्ट विधागत पुरस्कार तर्फ सर्वाधिक गोलकता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर,उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई प्रत्येक विधामा नगद रु २ हजार साथमा ट्रफि प्रदान गरिने छ। साथै प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीलाई नगद रु ५ हजार साथमा ट्रफी र क्वाटर फाइनल देखिका म्याचहरूमा म्यान अफ दि म्याच घोषणा गरी ट्रफी प्रदान गरिएको अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए।

खेल जेष्ठ १७ गते सम्म गौरीशंकर खेल मैदान(गौरी)मा सञ्चालन हुनेछ।

# गण्डकी प्रदेश यू-१६ पुरुष क्रिकेट प्रतियोगितामा नवलपुर प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ

गण्डकी प्रदेश यू-१६ पुरुष क्रिकेट प्रतियोगितामा नवलपुर यू-१६ ले प्रथम स्थान हाँसिल गरेको छ।

पोखरा क्रिकेट मैदानमा सोमबार भएको फाइनल खेलमा कास्कीमाथि ६ विकेटको जित निकाल्दै नवलपुर गण्डकी प्रदेशकै अब्बल टिम बन्न सफल भयो।

निर्धारित ३५ ओभरको खेलमा कास्कीले २८ ओभरमा सम्पूर्ण विकेट गुमाएर १०५ रन मात्रै बनाउन सक्यो। कास्कीलाई सस्तैमा समेटन नवलपुरका बलर सुसिल भुसालले ७ ओभरमा २५ रन खर्चेर महत्वपूर्ण ५ विकेट लिए। समिर रोका र सुजन अर्यालले समान २ विकेट आफ्नों नाम गराए। टस जितेको नवलपुरले कास्कीलाई ब्याटिङको निम्तो दिएको थियो। कास्कीका



ओपनर अनिकेत गजुरेलले लामो पारी खेल्दै ७२ बलमा ४९ रन बनाए। उनले ५ चौका प्रहार गरेका थिए। मोहम्मद सिद्धकीले १९ रनको पारी खेल्दै केहीबेर उनलाई साथ दिए। अनिष रावतले १४ रन जोडे। अन्य कुनैपनि ब्याटरले दोहोर आँकडाको योगफल बनाउन सकेनन्। १ सय ६ रनको सामान्य लक्ष्य पछ्याउने क्रममा नवलपुर यू-१६ ले २६ ओभरमै ४ विकेटको क्षतिमा लक्ष्य पूरा गऱ्यो। नवलपुरका समिर न्यौपानेले २८ तथा अनिश भट्टाराईले २० रन जोड्दै टोलीलाई जितको बाटोमा पुर्याए। कास्कीका बलरहरू सत्कार चालिसे, रिदम पाण्डे, सोनु यादव र सौरभ सिद्दीकीले समान १-१ विकेट लिए। प्रतियोगितामा तनहुँका सुप्रिम सुनार प्लेयर अफ दि सिरिज बने। नवलपुरका समिर न्यौपाने वेष्ट व्याटर तथा नवलपुरकै शैलेस काफ्ले वेष्ट बलर घोषित भए।

विजयी खेलाडीहरुलाई कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङ, नेपाल क्रिकेट संघका सदस्य सुदिप सर्मा, विद्यालय खेलकुद महासंघ गण्डकीका अध्यक्ष बिरबहादुर बोगटी, विद्यालय खेलकुद महासंघ कास्कीका अध्यक्ष कृष्णबहादुर केसी, सदस्य मानबहादुर कुँवर, देवचुली नगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दिपकचन्द्र भट्टराई लगायतले शिल्ड, प्रदेश खेलकुद परिषद् गण्डकीका पुर्व सदस्य ऋषिराम गौतम, प्रदेश क्रिकेट संघ गण्डकीका पुर्व अध्यक्ष देवेन्सन प्रजु लगायतले मेडल पुरस्कार प्रदान गरे। प्रादेशिक क्रिकेट संघ गण्डकी अध्यक्ष सञ्जयकान्त सिग्देलको अध्यक्षतामा भएको पुरस्कार वितरण समारोह सचिब सुमनराज कार्कीले सञ्चालन गरेका थिए।

# 'ग्रो टेनिस'का लागि 'टेनिस ट्यालेन्ट हन्ट' सञ्चालन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ

गण्डकी प्रदेश टेनिस सङ्घले देशका लागि आवश्यक सक्षम र व्यावसायिक टेनिस खेलाडी उत्पादनका दीर्घकालीन योजनाअन्तरगत 'ग्रो टेनिस' कार्यक्रम सञ्चालन गर्ने भएको छ।

टेनिस ट्यालेन्ट हन्ट( प्रतिभाको खोजी)मार्फत देशका लागि आवश्यक राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षमताका टेनिस खेलाडी उत्पादन गर्ने लक्ष्य सङ्घको छ। दीर्घकालीन र महत्वकांक्षी योजनाअन्तर्गत आठ वर्षमा १० जना राष्ट्रिय खेलाडी उत्पादन गर्ने लक्ष्य लिइएको गण्डकी प्रदेश टेनिस सङ्घका अध्यक्ष विनोद कायस्थले बताउनुभयो। उहाँका अनुसार विपन्न तथा आर्थिक अवस्था कमजोर भएका परिवारका आठदेखि १२ वर्षसम्मका बालबालिका मध्येबाट खुला आवेदन माग गरेर पहिलो चरणमा ४० जना छनोट गरिने छ। छनोट भएकालाई ६ महिना प्रशिक्षण गराएर उत्कृष्ट ३०, त्यसपछि पुनः प्रशिक्षण गराएर उत्कृष्ट १० जना छनोट गर्ने तयारी गरिएको कायस्थले बताउनुभयो। अन्तिम छनोटमा आठजना बालक र दुई जना बालिका छनोट गरी उनीहरूलाई आठ वर्षसम्म टेनिस प्रशिक्षण गराइनेछ। छनोट भएका खेलाडीको शिक्षादेखि आवाससम्मको सबै व्यवस्था सङ्घले गर्नेछ। अध्यक्ष कायस्थले भन्नुभयो, "छनोट भएका बालबालिकाका लागि टेनिस खेल्नका लागि चाहिने बल, ऱ्याकेट, जर्सी, उनीहरूलाई चाहिने दैनिक डाईट र यातायात खर्चपनि हामी नै बेहोर्छौँ।" सङघका महासचिव नवीन चालिसले एक जना खेलाडी बराबर करिब रू १५/१६ लाख खर्च हुने अनुमान गरिएको बताउनुभयो। "हामीले दाताहरू खोजिसकेका छौँ। टेनिसका प्रशिक्षकदेखि अग्रज खेलाडीले नै सहयोग गर्नुहुनेछ। एक व्यक्ति एक स्पोन्सर खोजेका छौँ," अध्यक्ष कायस्थले बताउनुभयो। 'ग्रो टेनिस' पोखरा चिनाउने अभियानसमेत भएको बताइन्छ। "पोखरा अहिले प्याराग्लाईडिङले चिनिन्छ। पर्यटनको राजधानीले परिचित छ। अभियानमार्फत खेलाडी उत्पादन गरेर पोखरालाई टेनिसबाट चिनाउने छौँ," उहाँले भन्नुभयो।

गण्डकी विश्वविद्यालयका प्राध्यापक सोनाम लामाले 'ग्रो टेनिस' कार्यक्रम नेपाली खेलकुदलाई व्यावसायिक बनाउन अग्रगामी कदम हुने विश्वास व्यक्त गर्नुभयो।

## पृथ्वी ...

८

बहादुर केसीले बताउनु भयो।

इभी गाडी पर्यटन प्रर्वद्धनका लागि पनि उपयुक्त भएकाले भविष्यमा थप व्यवस्थित गरि चार्जिङ स्टेसन राखी यातायात व्यवसायीलाई सुविधा दिने आफुहरुको योजना रहेको केसीले जनाउनु भयो।

विद्युत प्राधिकरणले तोकेको मुल्य अनुसार आफुहरुले चार्जिङ शुल्क लिने उहाँले बताउनु भयो। हाल पहिलो चरणमा २ वटा गाडी चार्जिङ गर्न सकिने अध्यक्ष केसीले बताउनु भयो।

यसैबिच, आज एक समारोहका बिच सोमबार पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि.का सरंक्षक केशव प्रसाद अधिकारीले उक्त मेसिनको उद्धाटन गर्दै समय सापेक्ष अब व्यवसायीहरु वातावरणमैत्रि सवारी साधन खरिद गर्नुपर्नेमा जोड दिनुभयो। १ हजार ३ सया गाडी भएको संस्थाले यसलाई ठुलो चार्जिङ स्टेशनको रुपमा विकास गर्न उहाँले सुझाव दिनुभयो। कार्यालयको अगाडी दुई वटा गाडी एकै समयमा चाजिङ गर्न सकिन्छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# 'भिजिट भिसा' प्रकरणमा गृहमन्त्री

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ७ चैतमा विमानस्थल अध्यागमन प्रमुख सहसचिव तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएर थालेको अनुसन्धानका भिजिट भिसामा विदेश जाने युवाबाट असुल गरिने रकम अध्यागमनका अधिकांश कर्मचारीदेखि मन्त्रालयसम्म बाँडफाँड हुने गरेको तथ्य नजिक पुगेको छ। हालसम्म फेला परेका प्रमाण र औपचारिक/अनौपचारिक सूचनाले भिजिट भिसाका नाममा हुने ठगीमा कर्मचारीको संगठित समूह नै संलग्न हुनसक्ने देखिएको छ । कतिपय तथ्य प्राविधिक कारणले तथ्यहरू फेला पार्न निकै कठिन हुने स्थिति रहेको छ। अनुसन्धान गहिराइमा पुगे हालसम्मकै ठूलो भ्रष्टाचारमध्ये यो पनि एउटा बन्ने रहेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भिजिट भिसा प्रकरणमा संसद्बाटै गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्ने निर्णय गरेको छ। गृहमन्त्री लेखकलाई राजीनामा नदिएसम्म संसदमा बोल्नसमेत नदिने तयारीमा विपक्षी दल छन्। विपक्षीमात्रै नभएर कांग्रेसका नेता डा. शेखर कोइराला, सांसदद्वय राजेन्द्र बजगाई र सुनील शर्माले गृहमन्त्रीले राजीनामा गरेर मार्ग प्रशस्त गर्नुपर्ने धारणा राखेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भिजिट भिसामा विदेश जानेहरूसँग अनुचित रकम लिएर भ्रष्टाचार गरेको आरोपमा गृह मन्त्रालयका सहसचिवलगायत माथि छानबिन गरिहेको छ । यसअघि अख्तियारले विमानस्थलमा रहेको अध्यागमन कार्यालयमा छापा मारेर कागजपत्र नियन्त्रणमा लिएको थियो । अध्यागमनमा अख्तियारको छापापछि गृहमन्त्री रमेश लेखकमाथि पनि प्रश्न उठाइन सुरु भएको छ। नेपाली कांग्रेसकै नेताले मन्त्री लेखकले नैतिकता देखाएर राजीनामा दिनु उपयुक्त हुने भनेका छन् भने विपक्षी दलहरूका नेताहरूले त यसै पनि भन्ने नै भए।

गृहमन्त्री लेखकले भने 'भिजिट भिसा' प्रकरणमात्र होइन कुनै पनि प्रकारको अनुचित आर्थिक प्रलोभनमा परेको साबित भए राजनीति नै छाड्ने भन्दै आफूलाई मुछ्ने षड्यन्त्र भएको गुनासो गरेका छन् । हुन पनि लेखक कांग्रेसका अपेक्षाकृत स्वच्छ नेतामध्येका मानिन्छन् । भिजिट भिसा काण्ड वर्तमान गृहमन्त्री लेखकका कार्यकालमा मात्र सुरु भएको पक्कै होइन। र सायद, सबै यस्तै रहे भविष्यमा रोकिने पनि छैन। यस्तै कसैले यस प्रकरणमा अहिलेसम्म गृहमन्त्री लेखकलाई पोलेको पनि सार्वजनिक भएको छैन।

यति ठूलो काण्डको अभियोग लागेका कर्मचारीका तालुकवालाहरू प्रत्यक्ष संलग्न नदेखिए पनि पदबाट हट्नै पर्ने २ वटा आधार छन्। पहिले यस्तो काण्डको सुइँको नै नपाएका हुन् भने ती गृह जस्तो मन्त्रालयको नेतृत्वका लागि योग्य नै छैनन्। दोस्रो, थाहा पाएर मौन रहेका हुन् भने तिनीहरू पक्कै मतियार हुन् । मातहतका उच्च अधिकृत छानबिनमा तानिएपछि मुद्दा दायर नहुँदासम्म सरकारले सचिवलाई जगेडामा राख्ने र मन्त्रीले राजीनामा गर्ने अभ्यास सुरु गर्ने हो जनमानसमा पनि राज्यप्रति विश्वास जाग्नेछ। यस्ता मामिलामा मन्त्रीमात्र होइन सचिवलाई पनि जिम्मेवार बनाउने अभ्यास थालनी गरिएमा भ्रष्टाचार पक्कै कम हुन्छ।

व्यक्तिले आफ्नो नैतिक स्वच्छता देखाउने त स्वेच्छाले नै हो । कसुर ठहर भएपछि त राजीनामा दिएर पुग्दैन सजाय नै भोग्नुपरिहाल्छ । यसैले पनि अपेक्षाकृत स्वच्छ छविका रमेश लेखकबाट नैतिक जिम्मेवारी लिएर राजीनामाको अपेक्षा समाजले गरेको हुनुपर्छ । जनमानसलाई निराश नबनाइयोस् । गृह मन्त्रालयको नेतृत्व सन्देहको घेरामा छ। यसैले पनि मन्त्री र सचिवले मातहतबाट भएका कामकाजको नैतिक जिम्मेवारी लिने अभ्यास थालनी गर्नुपर्छ। अनिमात्र सरकार सुशासनप्रति प्रतिबद्ध रहेको सन्देश जानेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# 'हिमालयन ट्राभल मार्ट'को पाँचौं संस्करण जेठ २० गतेदेखि

**रासस**
काठमाडौं, १२ जेठ

नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अन्तरराष्ट्रिय पर्यटन मेला 'हिमालयन ट्राभल मार्ट (एचटीएम)'को पाँचौं संस्करण यही जेठ २० देखि २२ सम्म काठमाडौंमा आयोजना हुने भएको छ।

प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टर र नेपाल पर्यटन बोर्डले नेपाल एयरलाइन्सलगायत अन्य प्रमुख पर्यटन सङ्घ, संस्था र राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका साझेदार संस्थासँगको सहकार्यमा आयोजना हुने एचटीएमको सम्पूर्ण तयारी पूरा भएको सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। एचटीएममा १०० भन्दा बढी अन्तरराष्ट्रिय पाहुनासहित नेपालका सार्वजनिक तथा निजी क्षेत्रमा आवद्ध पर्यटनकर्मी तथा सरोकार भएका गरी ३० भन्दा बढी मुलुकबाट करिब ७०० प्रतिनिधिले सहभागिता जनाउने आयोजकले जनाएको छ।

एचटीएमका संयोजक एवं पाटाका महासचिव नरेन्द्र देव भट्टले अन्तरराष्ट्रिय स्रोत बजार हरूमा सशक्त सम्बन्ध सञ्जाल स्थापित गराई नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले पर्यटन मेला आयोजना गरिएको बताउनुभयो। उहाँले यस पटक पाटा नेपाल च्याप्टरको ५० औं वार्षिकोत्सव तथा अन्नपूर्ण हिमाल आरोहणको ७५औं वर्ष पूरा भएको अवसरमा हुने मार्टले विशेष महत्व राख्ने बताउनुभयो।

सन् २०१७ देखि प्रत्येक वर्ष जुन महिनामा आयोजना हुदैं आएको एचटीएम नेपालको प्रमुख अन्तरराष्ट्रिय पर्यटन व्यापार मेला हो । कार्यक्रमले विश्वव्यापी पर्यटन र आतिथ्य संस्थाहरू, पेशेवर र उद्योगका विविध क्षेत्रमा संलग्न व्यक्तिबीच अनुपम सम्पर्क सञ्जाल स्थापित गरी व्यावसायिक अवसर र मूल्यवान उद्योग अन्तर्दृष्टिलाई बढावा दिने विश्वास गरिएको महासचिव भट्टको भनाइ छ।

पाटाका अध्यक्ष खेम लकाईले एचटीएमलाई विश्वस्तरीय पर्यटन कार्यक्रममा रूपान्तरण गर्न सबै साझेदारको समर्थन र सहकार्य आवश्यक रहेको भन्दै यसको माध्यमबाट पर्यटनको दिगो विकासका लागि निरन्त प्रवर्द्धनात्मक कार्यलाई प्राथमिकता दिन सकिने विश्वास व्यक्त गर्नुभयो।

नेपाललाई विश्वसामु 'नेपालः हिमालयको प्रवेशद्वार' साहसिक, सदावहार र सवल केन्द्रको रूपमा स्थापित गर्ने दृष्टिकोण र उद्देश्यका साथ यस मार्टले पर्यटन व्यवसाय प्रवर्द्धन, समसामयिक संवाद र प्रगतिशील सम्बन्ध तथा साझेदारी विस्तारमा उल्लेख्य योगदान पुऱ्याउदै आएको पाटा नेपालले जनाएको छ । यस संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेशसिंह बुडालले यस वर्ष एचटीएमलाई ज्ञानमूलक संवाद र सम्मेलन गन्तव्य प्रवर्द्धन तथा क्रेता बिक्रेताबीच फलदायी व्यापार आदनप्रदान र सम्बन्ध विस्तारलाई थप प्रभावकारी बनाउने पक्षमा केन्द्रीत गरिएको जानकारी दिनुभयो।

पत्रकार सम्मेलनमा नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) का संस्थागत निर्देशक अनिल घिमिरेले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको निगम जहाज थपेर प्रभावकारी उडान सेवा, बजारीकरण र गन्तव्य विस्तारको रणनीतिमा अघि बढेको बताउनुभयो।

नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सुमन घिमिरेले अन्तरराष्ट्रिय पर्यटन बजारमा स्थापित पर्यटन मेला जर्मनीका आइटिबी बर्लिन, लण्डनमा हुने वल्ड टाभल मार्केटजस्तै हिमालय मार्ट स्थापित पर्यटन मेलाको रूपमा प्रसिद्धि पाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले यस मेलाले विश्व पर्यटन बजारमा नेपाल साहसिक पर्यटनमा विश्वकै नेतृत्वदायी रूपमा स्थापित गर्ने बताउनुभयो।

एचटीएममा सहभागी अन्तरराष्ट्रिय क्रेता, ब्लगर तथा मिडिया र प्रतिनिधिलाई परिचयात्मक भ्रमणका लागि 'नेपालको गोल्डेन ट्र्याङ्गल' र ' काठमान्डु सराउन्डीङ्ग' गरी दुई वटा कार्यक्रम प्रदान गरिएको छ। जसमा काठमाडौं, चितवन र पोखरा रहेका छन्। एचटीएम सम्मेलन 'माउन्टेन माइलस्टोन र मोमेन्टम' विषयवस्तुअन्तर्गत आयोजना गरी एकीकृत प्रयास र अभ्यासका माध्यमबाट नेपालको पर्यटन उद्योगलाई अगाडि बढाउन मद्दत पुग्ने विश्वास लिइएको छ।

सम्मेलनमा २० भन्दा बढी राष्ट्रिय र अन्तरराष्ट्रिय वक्ता र विचारकले आध्यात्मिक, साहसिक र लक्जरी पर्यटन, दिगो पर्यटन, समकालीन बजार प्रवृत्ति, वर्तमान मुद्दा र पर्यटनको लागि उदीयमान अवसरबारे साझा दृष्टिकोण प्रदान गर्नेछन्।

यस्तै, बीटुबी कार्यक्रमअन्तर्गत यसवर्ष एचटीएमले संयुक्त राज्य अमेरिका, युरोप, अष्ट्रेलिया, दक्षिण अफ्रिका, रसिया तथा सिआइएस राष्ट्रबाट ६० भन्दा बढी क्रेता र नेपाल, भारत, भुटान, चीन, बङ्गलादेश र श्रीलङ्का गरी छ वटा गन्तव्य राष्ट्रबाट सहभागी हुने ६५ भन्दा बढी बिक्रेता सहभागी हुने पाटा नेपालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।


## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख लेखनाथ पावरहाउसबाट पोखरा जादाँ हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।

नाम : राजु प्रसाद आचार्य
बिमालेख नम्बर : १३००२७६८२
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
सम्पर्क नम्बर : ९८४६५२३१९२


# शुभकामना आमा समुहको मादल बजाउने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ



आमा समुहको आयआर्जनको मुख्य श्रोत टोल छिमेकमा खुशियालीमा प्रस्तुत गरिने सांस्कृतिक कार्यक्रम हो । जुन कार्यक्रमका लागि पहिलो वाद्ययवादको साधन भनेको मादल हो।

उक्त आवश्यकतालाई मध्येनजर गर्दै पोखरा महानगरपालिका वडा नं. १७ घारीपाटनस्थित शुभकामना आमा समुहले आफ्ना सदस्यका लागि पन्ध्रदिने मादल वजाउने तालिम सम्पन्न गरेको छ। रातोपैह्रास्थित समुहको वहुदेश्यीय सभा हलमा सञ्चालित तालिममा १७ जना महिलाको सहभागिता रहेको थियो । सांस्कृतिक कार्यक्रम सञ्चालन गर्दा मादल बजाउने कलाकारको अभाव बढ्दै गएपछि समुहको आर्थिक सहयोगमा तालिम सञ्चालन गरिएको आमा समुहका अध्यक्ष पार्वतीय खड्काले जानकारी दिनुभयो । पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले तालिमका सहभागिलाई प्रमाणपत्र वितरण गर्दै प्राप्त सिपलाई व्यवहारमा उतार्न सके तालिम सफल हुने विश्वास व्यक्त गर्नुभयो । आमा समुह र मादल एक अर्काका परिपुरक रहेको बताउँदै यस्ता तालिममा वडास्तरबाट आवश्यक सहयोग गर्ने उहाँको प्रतिवद्धता थियो।

सञ्चारकर्मी हरि बास्तोलाले आमा समुहको माध्येमबाट महिला नेतृत्व विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै समुहलाई स्थानीय सरकारको सहयोग अपरिहार्य भएको बताउनुभयो।

कार्यक्रममा समाजसेवी टिकाराम पौडेलले, प्रशिक्षक दिलिप गायक, घारीपाटन टोल विकास संस्थाका अध्यक्ष देवेन्द्र क्षेत्री, सहभागि रन्जिता सुवेदी, समुहका उपाध्यक्ष मिना द्धारे खाँण, सदस्य लेस्ली ठुसाजु लगायतले यस क्षेत्रको विकास निर्माणमा आमा समुहले पुऱ्याएको योगदानका वारेमा चर्चा गर्नुभएको थियो। उहाँका अनुसार समुहले यस क्षेत्रका चार जना क्यान्सर पिडीतलाई आीर्थक सहयोग गरेको थियो । जनही २५ हजार रुपैयाका दरले आर्थिक सहयोग गरेको समुहका सचिव सिर्जना खनालले जानकारी दिनुभयो।

# भवन जीर्ण हुँदा बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई समस्या

**पोखरापत्र संवाददाता**
दमौली, १२ जेठ

तनहुँको व्यास नगरपालिका-६ शिशाघाटस्थित महेन्द्रज्योति माध्यमिक विद्यालयमा बौद्धिक अपाङ्गता विद्यार्थी अध्ययन गर्ने भवन जीर्ण हुँदा पठनपाठनमा समस्या भएको छ। भवनको छानो चुहिँदा वर्षायाममा पठनपाठनमा समस्या हुँदै आएको छ।

वर्षायाम सुरु भएको र टिनमा ठूला-ठूला प्वालले पढाउँदा पढाउँदै पानी पर्दा समस्या भइरहेको अपाङ्गता स्रोत कक्षाका शिक्षक शिव ढकालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कहिले हावाहुरीले छानो उडाइदिन्छ, उडाएको छानो ल्याएर पुनः छाउने काम पनि गर्‍यौं, जस्तापाताको प्वालले पानी चुहिने समस्या छ।"

गत वर्षको हावाहुरीले भवनको जस्तापाता उठाएको थियो । उडाएको जस्तापाता खोजेर ल्याएर पुनः छाउने काम गरिएको उहाँको भनाइ छ । विद्यालयको स्रोतकक्षामा ११ जना बौद्धिक अपाङ्गता भएका विद्यार्थी अध्ययनरत छन् । धादिङ घर भएका दीपक गुरुङ परिवारसहित पोखरा पुगेका थिए । ज्याला मजदुरी गर्ने उनको परिवार काममा जाँदा बौद्धिक अपाङ्गता उनी बेवारिसे अवस्थामा पोखरा बजारमा भेटिएका थिए । हाल उनी विद्यालयको अपाङ्गता स्रोतकेन्द्रमा आवासीय रुपमा अध्ययन गरिरहेका छन्।

तनहुँका रिमबहादुर नेपाली सानै छँदा बौद्धिक अपाङ्गता भएको थाहा पाएपछि बाबुआमाले छाडिदिएका थिए। हजुरआमाले लालनपालन गरेका उनलाई पछि यहीँ स्रोतकेन्द्रमा ल्याएर भर्ना गरिएको थियो । स्रोतकेन्द्रका कर्मचारी साधन श्रेष्ठका अनुसार यहाँ विभिन्न ठाउँका अपाङ्गता भएका विद्यार्थी आवासीय रुपमा अध्ययन गरिरहेका छन्।

विद्यालयका प्रधानाध्यापक हरिराज काफ्लेले स्रोत साधन अभावमा बौद्धिक अपाङ्गता भएका विद्यार्थी अध्ययन गर्ने भवनको मर्मत गर्न नसकिएको बताउनुभयो। उहाँले विद्यालयमा रिक्त रहेको स्रोत शिक्षक दरबन्दी पदपूर्ति समेत हुन नसकेको बताउनुभयो।

# डुडियाघाटमा पक्की पुल निर्माण अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ जेठ

बागलुङको काठेखोला गाउँपलिकाभित्र दुई पक्की पुल सञ्चालनमा आइसकेका छन्भने एउटा पुल निर्माणको अन्तिम चरणमा पुगेको छ।

काठेखोलामा वार्षिक एउटा पक्की पुल निर्माण सम्पन्न भइरहेको गाउँपालिकाले जनाएको छ । दुई वर्ष पहिले लामाबगरमा पक्की पुल सम्पन्न भएको थियो भने गत वर्ष एक्लेखेतस्थित रेश खोलामा मोटरेवल पुल निर्माण भएको थियो । यस वर्ष डुडियाघाटमा अर्को पक्की पुल ढलानको तयारीमा छ । गण्डकी प्रदेश सकारको रु १२ करोड लगानीमा पुल निर्माण जारी रहेको हो । पक्की पुल निर्माण भएपछि रेश, तङ्ग्राम र धम्जामा अब बाह्रैमास यातायातका साधन चल्ने भएको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो।

"पक्की पुल निर्माण गर्न गाउँपालिकाले सक्दैन, प्रदेश सरकारले काठेखोलाको अधिकांश भाग समेट्ने गरी अहिलेसम्म पक्की पुल निर्माणका लागि बजेट विनियोजन गरेको थियो, दुई वर्षअघि लामाबगर, एक वर्षअघि रेश खोला पुल बन्यो र अहिले डुडिया खोलामा पुल निर्माण अन्तिम चरणमा रहेको छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारले तीन वटा पुलमा रु १२ करोड लगानी गरेको छ, मोटरेवल पुलका कारण बाह्रैमास सवारी चल्ने भएका छन्, पुल नहुँदा बर्खामा सवारीसाधन ठप्पजस्तै हुन्थे।"

गाउँपालिकाको वडा नम्बर ६ बिँहु र वडा नम्बर-२ भिमापोखरा जोड्ने गरी लामाबगरमा दुई वर्ष पहिले ३० मिटर लामो पक्की पुल निर्माण भएको थियो। उक्त पुल रु तीन करोड ३१ लाख लागतमा नीलगिरि/नेसनल जेभीले निर्माण सम्पन्न गरेको थियो । यस्तै गत वर्षदेखि रेश जाने सडकको एक्लेखेतमा २५ मिटर लामो पक्की पुल निर्माण भएको थियो । उक्त पुल रु पाँच करोड लागतमा प्रदेश सरकारलको भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयले निर्माण गरेको थियो । काठेखोला-२ भिमापोखरा र वडा नम्बर ४ तङ्ग्राम जोड्नेगरी डुडियाखोलामा अर्को पक्की पुल ढलानको तयारीमा रहेको छ । जेठ महिनाभित्रै पुलको ढलान सक्ने तयारी निर्माण व्यवसायीको भनाइ छ । निर्माण कम्पनीले २०८० कात्तिक १७ गते पुल बनाउन सम्झौता गरेका थिए। कम्पनीले डुडियाघाट खोला मोटरेवल पुल १८ महिनापछि निर्माणको अन्तिम चरणमा पुऱ्याएको छ । आरसिसिटीबिम प्रकारको पुल ८ दशमलव ४० मिटर चौडाइ र २० मिटर लम्बाइको रहेको छ। उक्त पुलको काम झण्डै ७० प्रतिशत प्रगति भएको छ।

उक्त पुल ढलानका लागि अन्तिम तयारी गरिएको निर्माण कम्पनीका विमलेश आचार्यले जानकारी दिनुभयो । उहाँले रु तीन करोड ६२ लाख २२ हजारमा ठेक्का सम्झौता गरी पुल निर्माण भइरहेको जानकारी दिनुभयो। सम्झौता मितिअनुसार वैशाखमै सक्नुपर्ने पुल एक महिना ढिलागरी ढलान गर्न थालिएको हो । पुल निर्माणले काठेखोला गाउँपालिकाको दुई वडा तङ्ग्राम र धम्जामा बाह्रैमास सवारीसाधन चल्नेछन्।

# ‘हिमाली जिल्लाका लुलु गाई संरक्षणतर्फ ध्यान पुगेको छैन’

रासस
मुस्ताङ, १२ जेठ

हिमाली जिल्ला मुस्ताङ, मनाङ र डोल्पाका किसानले पालन गर्ने विभिन्न प्रजातिका गाईमध्ये लुलु गाई पनि एक हो । पारिस्थितिक प्रणाली (इको सिस्टम्)मा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेका हिमाली लुलु गाई पछिल्लो समय भने लोपोन्मुख अवस्थामा रहेको छ।

जुरो नभएको स्थानीय गाईका जातमध्ये लुलु गाई एक हो। अन्य गाईभन्दा हिमाली क्षेत्रको उच्च भूगोलमा पालन गरिने लुलु गाई कद केही होचो हुन्छ। यो समुद्री सतहदेखि दुई हजार ५०० मिटरको उचाइदेखि माथिको उच्चस्थानमा पालन गर्ने गरिएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख एवं पशु चिकित्सक डा लालमणि अर्यालले मुस्ताङमा सदियौँ वर्षदेखि परम्परा र संस्कृतिको रुपमा पालन गर्दैआइरहेको लुलु गाई पछिल्लो समय लोपोन्मुख अवस्थामा रहेको जानकारी दिनुभयो । मुस्ताङमा दश वर्षअघि करिब १० हजार बढी लुलु गाई रहेकोमा पछिल्लो समय मुस्ताङका पाँचौँ पालिकामा गरी करिब छ हजारको सङ्ख्यामा लुलु गाईपालन गरिएको उहाँले बताउनुभयो । “मुस्ताङमा लुलु गाईपालन बर्सेनि घट्दो अवस्थामा छ, यसको संरक्षणमा स्थानीय कृषकले खासै चासो दिएको पाइएन”, पशु चिकित्सक डा अर्यालले थप्नुभयो, “दूध उत्पादन कम हुने र अन्य वैकल्पिक अवसरले गर्दा लुलु गाई संरक्षणतर्फ कसैको ध्यान पुगेको छैन।” मुस्ताङका कृषकले अन्नबाली उत्पादनका लागि मल चाहिने भएको र थोरै मात्रामा दूध उत्पादन गर्न सकिने भएकै कारण लुलु गाई पाल्ने गरिएको हो। अन्य गाईको तुलनामा लुलु गाईले निकै कम मात्रामा दूध उत्पादन गर्ने भएकाले कृषकले लुलु गाईपालनमा बेवास्ता गरेको घरपझोङ गाउँपालिकाका पशु शाखा प्रमुख आइतलाल थकालीले बताउनुभयो । “कृषकहरू लुलु गाई जोगाउनु पर्नेतर्फ संवेदनशील भएको पाइँदैन, यो निकै चिन्ताको विषय बनेको छ”, पशु शाखा प्रमुख थकालीले भन्नुभयो, “गाउँपालिकाले पनि लुलु गाई संरक्षण गर्न कृषकलाई प्रोत्साहन गर्नेलगायतमा सहयोग गर्ने गरेको छ।” मुस्ताङका कृषकले पालन गर्ने लुलु गाई हिमाली परम्परा र संस्कृतिको जैविक आयामको रुपमा लिने गरिन्छ। तर, यहाँको जैविक विविधता र संस्कृतिमा असर पुगेजस्तै हिमाली क्षेत्रमा पालन गरिने लुलु गाई लोप हुने खतरा बढेको पशु शाखा प्रमुख थकालीको भनाइ छ।

जिल्लामा विस्थापित हुने अवस्था रहेको लुलु गाईपालन व्यवसाय केवल कृषि प्रयोजनमा मात्रै उपयोग भएको देखिन्छ। पछिल्लो समय सडक सञ्जाल र प्रविधिको विकास हुन थालेसँगै मुस्ताङका कृषकले विस्तारै लुलु गाई पाल्न छाडिसकेका छन् । मुस्ताङमा विद्यमान अवस्थामा पालन गरिएका लुलु गाईलाई पनि कृषकले आवश्यक रुपमा संरक्षण गर्न छाडिसकेको घरपझोङका किसान अजित थकालीले बताउनुभयो । “अन्य बस्तुभाउभन्दा लुलु गाईलाई कृषकले बेवास्ता गर्न थाले, जथाभावी छाडिदिने गर्न थाले”, उहाँले भन्नुभयो, “कोही कृषि र होटल चलाउन थालेपछि कृषकले लुलु गाई पाल्न छाडेका हुन्।” पहिला पहिला एउटै घरमा १०/१२ वटासम्म लुलु गाई पाल्ने गरिएकोमा अचेल एक घरमा एउटा लुलु गाई पनि नहुने गरेको कृषक थकालीको भनाइ छ । कृषि र पर्यटनको विकाससँगै लुलु गाईतर्फ संरक्षण गर्नपर्छ भन्ने मान्यता राख्न छोडेको कृषक थकाली सुनाउनुभयो।

लुलु गाईले बिहान र बेलुकी गरी बढीमा एक लिटरसम्म दूध उत्पादन गर्ने गर्छ । कम दूध उत्पादन हुने र श्रम र लागत बढी लाग्ने भएकाले हिमालका लुलु गाईहरू लोपोन्मुख हुन थालेका हुन् । त्यस्तै कृषकले लुलुगाई पाठापाठीको संरक्षण नगर्दा कुकुर र हिउँ चितुवाले खाइदिने गर्दा समेत मुस्ताङमा लुलु गाई संरक्षणमा चुनौती बनेको हो।

जलवायु परिवर्तनका कारण जमिनको तापमान वृद्धि हुँदा उच्च लेक र खर्कमा पानीको मुहान सुक्दै जान थालेको, चरन क्षेत्रमा घाँस पलाउन छाडेकाले लुलु गाईहरू कृषकले बेवास्ता गरी छाडा रुपमा सडक र गल्लीमा छोड्ने प्रचलन रहेको छ।

आफैँ आहारा व्यवस्थापन गर्ने क्षमता भए पनि लुलु गाईले आहार व्यवस्थापन गर्न नसक्दा गाउँबस्ती र सडकमा मिल्काएका कागज र अरुले फ्याकेका खानेकुरा खाएर आहार पूर्ति गर्ने गरेको पाइएको छ।

# घरविहीनलाई घर निर्माण गर्दै जैमिनी नगरपालिका

पोखरापत्र संवाददाता
बागलुङ, १२ जेठ



यहाँका जैमिनी नगरपालिकाका आठ घरविहीन परिवारलाई नगरपालिकाले घर निर्माण गरिदिएको छ । सुकुम्वासी, आर्थिक अभावमा पुनःनिर्माण गर्न नसकेका र विभिन्न विपद्बाट विस्थापित परिवारलाई नगरपालिकाले घर निर्माण गरिदिएको हो।

नगरपालिकाले सबैभन्दा पहिले सुकुम्वासी परिवारलाई जग्गा खरिद गरी घर निर्माण गरिदिएको हो। हालसम्म जैमिनी नगरपालिका-९ पैयुथन्थापका धर्मागत पाध्य, भविन्द्र थापा, वडा नं १० राङखानीकी हरिमाया थापा, वडा नं ४ सर्कुवाकी देउरूपा सार्की, जैमिनी वडा नं ८ छिस्तीकी नरवदी पुन घर्ती, वडा नं ८ छिस्तीका सन्तबहादुर विक, जैमिनी वडा नं ३ उपल्लो दमेकका गिरीबहादुर परियार र तुलबहादुर घर्तीको घर निर्माण गरेको इञ्जिनियर विवेक सापकोटाले जानकारी दिनुभयो । सुकुम्वासीको घर निर्माणका लागि रु तीन लाख, विपद्बाट क्षति भएर घरविहीन भएका परिवारलाई रु दुई लाख ५० हजार र आर्थिक अभाव कमजोर भई पुनःनिर्माण गर्न नसकेका परिवारलाई रु दुई लाख उपलब्ध गराउने सापकोटाको भनाइ छ । हालसम्म आठ घर निर्माण गरी हस्तान्तरण गरिसकेको र अझै पाँच वटा घर निर्माणाधीन रहेको सापकोटाले बताउनुभयो । नगरपालिकाले १३ सुकुम्वासी, विपद्बाट क्षति घरविहीन भएका १२ परिवार र आर्थिक अभाव कमजोर भई पुनःनिर्माण गर्न नसकेका ४१ परिवारको घर निर्माण गरिदिने जनाएको छ । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले घरविहीन परिवारलाई पहिलो प्राथमिकतामा राखेर आवस निर्माण गरिरहेको बताउनुभयो । तीन पुस्तासम्म घर नभएकालाई नगरपालिकाले पहिलो चरणमा बनाइ दिएको, विपद् र आर्थिक अभावका कारण पुनःनिर्माण गर्न नसकि अरूको घरमा आश्रय लिएकालाई दोस्रो चरणमा आवास निर्माण गरिदिने उहाँको भनाइ छ।

उपप्रमुख शर्माले भन्नुभयो, “कोही पनि नागरिक, गास, बाँस र कपासबाट वञ्चित हुनुहुँदैन, स्थानीय सरकारले स्रोतसाधानले भ्याएसम्म उनीहरुका लागि काम गरिरहेको छ ।” लामो समयदेखि अरुको घरमा आश्रय लिँदै आउनुभएका जैमिनी नगरपालिका-८का सन्तबहादुर कामीले नयाँ घर पाएपछि खुसी व्यक्त गर्नुभयो।

# बर्खा लाग्यो : डरै डरमा मनाङका माटाका घर

नवीन लामिछाने
मुस्ताङ, १२ जेठ



हिमाली क्षेत्रमा पानीपर्दैन भन्ने कथन पछिल्लो समय फेरिएको छ। विगतमा पानीको आवश्यकता नै हिउँले पूर्ति गर्ने हिमाली जिल्ला मनाङमा अहिले वर्षा हुन्छ । जसले गर्दा यहाँका माटाका छानो भएका घर मासिन थालेका छन्।

परम्परा तथा मौलिकता झल्कने गरी रैथाने सीप, ज्ञान र प्रविधिको प्रयोगबाट बनाइएका घरको छत नै माटोका राखिन्थ्यो। माटो जमाएर बनाइएका घर जलवायु परिवर्तनको चेपुवामा परेर कङ्क्रिटले बन्न थालेका छन् । वर्षायाम लागेसँगै माटाका घर डरैडरमा रहेका छन्। विगतको तुलनामा मनाङमा औसतभन्दा अधिक वर्षा र लगातार झरी पर्न थालेपछि माटोले बनाइएका परम्परागत घरको छतले धान्न सक्ने अवस्था छैन। जसले गर्दा यहाँका घर पानीले भिजेर चुहिन थालेका छन् । पहिले माथिल्लो मनाङमा वर्षा नै हुँदैनथ्यो। अहिले विशेषगरी नार्पाभूमि गाउँपालिकाका नार र फुमा रहेका यस्ता पुरातन सांस्कृतिक शैलीमा निर्माण गरिएका घर वर्षाका कारण नासिँदै गएको गाउँपालिकाका अध्यक्ष कोञ्जो तेन्जिङ लामाले बताउनुभयो । “प्रकृतिसँग जुध्न सकिँदैन । प्रकृतिलाई फेर्न पनि सकिँदैन । जलवायु परिवर्तनले प्रत्यक्ष रूपमा प्रभाव पारेको देखिन्छ। परम्परागत तथा मौलिकता नै मासिने अवस्थामा पुगेको छ। यसका साथै परम्परागत संस्कृतिलाई समेत असर गरेको महसुस हुन्छ”, उहाँले भन्नुभयो । विगतमा माथिल्लो मनाङमा वर्षा नहुने हुँदा यस्ता घर नै पहिचान बनेकामा अहिले फेरिँदै गएको उहाँको भनाइ छ । सदरमुकाम चामेमा पुराना परम्परागत घरदेखिन छाडेका छन्।

विकासको क्रमसँगै आधुनिकताले छोप्दै जाँदा नार्सौं तथा चामे गाउँपालिकामा अधिकांश घर आरसिसी गरी निर्माण भएका पाइन्छन् । तर, मनाङ ङिस्याङ गाउँपालिका र नार्पाभूमि गाउँपालिकामा भने पुरातन शैलीका सांस्कृतिक सम्पदा अझै पनि देख्न सकिन्छ। आफ्ना सन्ततिका लागि पूर्वजले बनाएका ऐतिहासिक सम्पदा, स्मारक, गुम्बा, छोर्तेन तथा देवस्थलको अस्तित्व नासिँदै जान थालेका छन्।

एकातिर जलवायु परिवर्तनको प्रभावले घट्दो हिमपात, बढ्दो तापक्रम र वर्षाले मानिस तथा पशुचौपायाको स्वास्थ्य, सामाजिक, सांस्कृतिक धरो नासिने, रैथाने सीप, पहिचान तथा ज्ञान नासिने गरेको छ भने अर्कोतर्फ जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा हानी पुऱ्याउने गरेको छ। हिउँ र पानी कम पर्ने चक्र फेरिएपछि हिमाली जीवनशैली र संस्कृतिमा पनि असर परेको अध्यक्ष लामाले बताउनुभयो । पर्यावरणीय प्रभावका कारण जीवनयापन, वातावरणीय अवस्था तथा आर्थिक-सामाजिक-सांस्कृतिक अवस्थामा फेरबदल हुँदै गएको छ । “पर्यटकको ‘हब’ का रूपमा परिचित मनाङमा आउने विदेशी पर्यटक तिलिचो जान मात्रै आउँदैनन् । उनीहरू यहाँको जीवनशैलीको अध्ययन गर्न पनि आउँछन्, हामीले गुम्बा, छोर्तेन, माटाका घरलगायत मौलिक पहिचान बनेको मनाङवासीको संस्कृति संरक्षण गर्नुपर्छ”, नार्पाभूमिका अध्यक्ष लामाले भन्नुभयो।

उहाँले नार्पाजातिको संस्कृति, रीतिरिवाज संरक्षण गर्न प्रतिबद्ध रहेको बताउनुभयो । नार्पाभूमिमा गाउँ छाड्दा साइत हेरेर मात्र निस्किने तथा छोर्तेन घुमेर गाउँ छिर्ने चलन अहिले पनि जीवन्त रहेको छ । गाउँको प्रवेशद्वारका रूपमा अहिले पनि छोर्तेन देख्न पाइन्छ । यी परम्परागत गुम्बा छोर्तेन यहाँका सांस्कृतिक सम्पत्ति हुन्। संरक्षणको अभावमा यहाँका गुम्बा, छोर्तेन तथा माटाका घरको छानो चुहिएर दलिन, खम्बा र निदाल कुहिएर मक्किएका छन्।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले अधिक वर्षा हुँदा यहाँका बासिन्दाले कङ्क्रिटका घर बनाउन बाध्य भएका बताउनुभयो । “विगतमा जस्तो पानीको आवश्यकता हिउँले पूरा गर्दैन । भारी वर्षा हुन्छ । जसले चिसो ठाउँ भएकाले वर्षाबाट बच्न माटाको घर फेरिन बाध्य भएका छौँ”, उहाँले भन्नुभयो, “चामे-५ मा केही परम्परागत मौलिक घर थिए । अहिले ती पनि नासिँदै गएका छन् । जति वर्ष फेरिन्छ, त्यति वर्षा बढ्दा समस्या भएको छ।” बाक्लो गारो भएको माटोको घरभित्र बस्दा जाडोमा न्यानो र गर्मीमा शीतल महसुस हुन्छ। यस्ता घरमा बस्दा जाडोयाममा चिसोजन्य रोगले छुँदैन। तर, आधुनिकता छुदै गर्दा आरसिसी घर बन्ने क्रम जारी छ। यस्ता घरमा गर्मीमा बढी गर्मी र जाडोमा बढी जाडो हुन्छ।

विज्ञका अनुसार माटोले बनेका घरले तातो चिसो सोसेर राख्छ। जसले गर्दा जाडोमा न्यानो र गर्मीमा शीतल हुन्छ। यी पुराना सम्पदाको संरक्षणका लागि तीनै तहका साथै सम्बन्धित निकाय सचेत हुन आवश्यक छ। विशेषगरी जलवायु परिवर्तन न्यूनीकरण तथा हरित वृद्धिमा सरकारको चासो दिन सकेमा यहाँको जीवनशैलीलाई मुख्य रूपमा टेवा पुग्नेछ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २८ स्याङ्गखुदि नेटा भुर्तेल गाउँ रैकर सडक स्तरउन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः स्याङ्गखुदि नेटा भुर्तेल गाउँ रैकर सडक स्तरउन्नति
ठेगानाः पोखरा-२८
योजना सम्झौता मितिः २०८१/०९/२८ गते
योजना शुरु मितिः २०८१/०९/२९ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/३० गते
योजनाको कुल लागतः रु.२३,५३,१२२/-
महानगरपालिकाबाटः रु. २०,००,०००|-
जनसहभागिताबाटः रु.३,५३,१२२/-
खर्च भएको कुल रकमः- २१,८७,७९४.२९
अध्यक्षः नारायण प्रसाद लामिछाने
सचिवः कृष्ण बहादुर खत्री
निर्माण समिति सदस्य संख्याः ७

**स्याङ्खुदि नेटा भुर्तेल गाउँ रैकर सडक स्तरउन्नति उपभोक्ता समिति पोखरा-२८**


# ‘ट्र्याक’ खुलेको २२ वर्षपछि मजुवा-नेपाने सडक कालोपत्र

पोखरापत्र संवाददाता
बागलुङ, १२ जेठ

बागलुङ गलकोट नगरपालिका-६ स्थित मजुवा-नेपाने सडक कालोपत्र गरिएको छ। ‘ट्र्याक’ खुलेको २२ वर्षपछि उक्त सडक कालोपत्र गरिएको हो । करिब आठ किलोमिटर लामो रहेको यो सडक विसं २०६० मा ‘ट्र्याक’ खुलेको थियो । सडक खुलेको लामो समयसम्म स्तरोन्नति नहुँदा बर्खामा हिलो र हिउँदमा धुलोले आजित बनेका स्थानीय कालोपत्र भएपछि खुसी भएका छन्।

ग्रामीण क्षेत्रलाई बजारसँज जोड्नका लागि निर्माण भएको यस सडकले गलकोट नगरपालिकाको मजुवासहित कादेस, ठानालगायतका एक दर्जन गाउँबस्तीलाई जोडेको छ । गण्डकी प्रदेश सरकारले विनियोजन गरेको बजेटले कालोपत्र गरिएको हो। पूर्वाधार विकास कार्यालय बागलुङमार्फत काम भइरहेको छ । निर्माण कम्पनीले पहिलो चरणमा करिब दुई किलोमिटर सडक कालोपत्रका गर्नका लागि रु दुई करोड १३ लाख १४ हजार ७२६ मा जिम्मा पाएको पूर्वाधार विकास कार्यालय बागलुङका इञ्जिनियर चन्द्र पुनले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म ८० प्रतिशत काम सकिएको छ। सडक कालोपत्रका लागि एम/एस जेभीले जिम्मा पाएको उहाँको भनाइ छ। विसं २०८१ जेठ १८ गते सडक निर्माणका लागि सम्झौता भएको पुनले बताउनुभयो । अब काम गर्ने समयावधि आगामी असार १८ गतेसम्म रहेको उहाँको भनाइ छ। यस वर्ष नाली निर्माण, कालोपत्र तथा ढलानको काम भएको इञ्जिनियर पुन बताउनुहुन्छ। निर्माण कम्पनीले तीव्र गतिमा काम गरेको हुँदा समयमै सकिने सम्भावना रहेको उहाँले बताउनुभयो । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले सडक खुलेको दुई दशकसम्म कालोपत्र नहुँदा नागरिकलाई यात्रा र सामान ढुवानी गर्न समस्या भएको बताउनुभयो । नगरपालिकाको सडक कालोपत्रका लागि बजेट कम हुने हुँदा अहिलेसम्म गर्न नसकिएको उहाँको भनाइ छ । प्रदेश सरकारले गत वर्षदेखि चासो दिएर बजेट विनियोजन गरेपछि काम भएको भण्डारीले बताउनुभयो। प्रवक्ता भण्डारीले भन्नुभयो, “यो सडकले गलकोटमा थुप्रै गाउँबस्तीलाई जोडेको छ, बर्खा लाग्ना साथ गाडी हिलोमा फस्ने हुँदा निकै सास्ती थियो, हिउँदमा धुलोले सडक छेउका घरहरू ढपक्कै ढाकिन्थे, अब त्यो समस्या समाधान हुने भयो, गाउँमा किसानले उत्पादन गरेका तरकारी तथा फलफूल पनि सहज रुपमा बजार ल्याउन सकिने भएको छ, यसबाट सबैभन्दा बढी किसान लाभान्वित हुने छन्।”

# आँबुखैरेनीमा मेकानिकल तालिम केन्द्र सञ्चालनको तयारी

पोखरापत्र संवाददाता
तनहुँ, १२ जेठ

नेपाल विद्युत् प्राधिकरणले जलविद्युत् आयोजनाको हाइड्रो र इलेक्ट्रो मेकानिकल जनशक्ति उत्पादन गर्नका लागि तालिम केन्द्र सञ्चालनको तयारी गरेको छ।

यहाँको आँबुखैरेनी गाउँपालिका-४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रमा तालिम केन्द्र सञ्चालन गरी जनशक्ति परनिर्भरता हटाउन लागेको हो। भारत र चीनको निर्भरता हटाउने कार्य अघि बढाइएको मर्स्याङ्दी जलविद्युत् केन्द्रका प्रबन्धक पशुपतिराज गौतमले जानकारी दिनुभयो।

तालिम सञ्चालनपछि ३०० जनाले रोजगारी पाउने छन्। गौतमले भन्नुभयो, “दक्ष ६० प्रतिशत तथा अदक्ष ४० प्रतिशतले रोजगारी पाउने विश्वास गरिएको छ ।” निर्माण सम्पन्न भएका तथा निर्माणाधीन आयोजनाको बिग्रिएका उपकारण मर्मत तथा नयाँ उपकरण जडानका लागि जनशक्ति तयार गर्न तालिम केन्द्र सञ्चालन गर्न लागेको हो । जलविद्युत् आयोजना निर्माणका लागि धेरै जग्गा चाहिने हुँदा केन्द्रसँग एक हजार सात रोपनीभन्दा धेरै जमिन तथा भवन तथा टहराहरु प्रशस्त भएकाले तालिम केन्द्र सञ्चालन गर्न सकिने हुँदा ऊर्जा तथा जलस्रोत मन्त्रालयमा प्रस्ताव पठाइएको गौतमले बताउनुभयो। गौतमले भन्नुभयो, “नेपालको मध्यभाग र सडकको पहुँचमा रहेकोले खेर गइरहेको मर्स्याङ्दी जलविद्युत् केन्द्रको जमिनको सदुपयोगको लागि तालिम केन्द्र सञ्चालन गर्न प्रस्ताव पेस गरेका छौं ।” तालिम सञ्चालनपछि भारतीय र चिनियाँ प्राविधिकलाई विस्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

केही मेसिन बिग्रिँदासमेत हप्तौँसम्म चिनियाँ वा भारतीय कम्पनीको टोली पर्खेर बस्नुपर्ने अवस्थाको अन्त्य गर्न सहयोग पुग्नेछ। स्थानीयस्तरमा रोजगारी वृद्धि, मर्मत सम्भारको काम छिटो सम्पन्न गर्न सहज र खेर गएको जमिनको सदुपयोगको लागि मेकानिक तालिम सञ्चालन गर्न सकिए प्रभावकारी हुने गौतमले जानकारी दिनुभयो।